# आमचोक गाउँपालिकाको

# खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८

कार्यपालिकावाट स्वीकृत मिति : २०७८/०५/२५

प्रमाणिकरण मिति : २०७८/०५/२५

प्रमाणिकरण गर्ने

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

## आमचोक गाउँकार्यपालिकाको कार्यालय

## बालंखा,भोजपुर

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुरन्सा, भोजपुर
प्रदेश नेपाल

# आमचोक गाउँपालिकाको
# खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८

**कार्यपालिकावाट स्वीकृत मिति :२०७८/०५/२५**

**प्रस्तावनाः** खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रमान, मध्यपान, लागु पदार्थ दुव्र्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा आमचोक गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरुलाई सहभागी गराउन एवं गाउँपालिका भित्र रहेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ वमोजिम आमचोक गाउँपालिकाले खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८ वनाएकोछ ।

## परिच्छेद -१
## प्रारम्भिक

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको **नाम** " आमचोक गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८" रहेको छ

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि आमचोक गाउँपालिकाको शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

२.<u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "खेलकूद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ ।

(ख) "संयोजक" भन्नाले खेलकूद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

२०७८/५/२५
प्रमुख प्रशासकीय अधिकृत

(ग) "सदस्य" भन्नाले खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(घ) "सदस्य–सचिव" भन्नाले खेलकूद विकास समितिको सदस्य–सचिव सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "खेलकूद " भन्नाले आमचोक गाउपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ ।

(छ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ज) "प्रशिक्षक" भन्नाले आमचोक गाउँपालिकाद्‌वारा सञ्चालित खेलकूद प्रशिक्षणको प्रशिक्षक सम्झनु पर्छ ।

(झ) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिकाद्‌वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्‌ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(ञ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

(ट) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिका सम्झनु पर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले आमचोक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ड) "कार्यविधि" आमचोक गाउँपालिकाको खेलकुद विकास समिति - कार्यविधि (गठन तथा परिचालन)२०७८ लाई सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ण) "उपाध्यक्ष" भन्नाले आमचोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमचोक गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(थ) "शाखा प्रमुख" भन्नाले आमचोक गाउँ कार्यपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्छ ।

## परिच्छेद–२
## उद्‌देश्य

**३ खेलकुद विकास समितिका उद्‌देश्यहरु :**

(क) गाउँको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकुद प्रशिक्षण सञ्चालन गर्ने ।

(ख) कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्‌धिमा खेलकुदको माध्यमले सहयोग पुर्‍याउने ।

२०७८।४।२८

प्रमुख प्रशासकीय अधिकृत

(ग) गाउँ क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने।

(च) खेलकुदको माध्यमबाट गाउँबासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ति भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरुलाई समेत शारीरिक व्यायामको माध्यमवाट स्वास्थ्य रहनको सहयोग पुर्‍याउने ।

(ट) आमचोक गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(ठ) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने ।

(ड) गाउँपालिका अन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

(ढ) खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ण) खेलप्रेमी संघ संस्था, क्लव र अन्य महानुभावबाट खेल विकासको लागि सहयोग जुटाउन एक खेलकुद विकास कोष खडा गर्ने ।

## परिच्छेद–३
## खेलकूद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**४. खेलकूद विकास समितिको गठन :** (१) खेलकूदको विकास गर्नको लागि आमचोक गाउँपालिकामा देहाय बमोजिमको १९ सदस्यीय "खेलकूद विकास समिति" को गठन हुनेछः–

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति – संयोजक

(ख) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित २ जना –सदस्य

२०७८।५।२६

प्रमुख प्रशासकीय अधिकृत

(ग) गाउँ, जिल्ला,प्रदेश तथा राष्ट्रिय खेल जगतमा प्रतिष्ठा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरु मध्येबाट कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य

(घ) वडा खेलकूद विकास समितिका संयोजकहरु १० जना -सदस्य

(ङ) गाउ स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लबहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये कार्यपालिकाद्वारा मनोनित १ जना -सदस्य

(छ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) खेलकूद समिति अन्तर्गत प्रत्येक वडामा वडा खेलकूद विकास समिति गठन गर्नु पर्नेछ ।

(४) आवश्यकता अनुसार विषयगत खेलकूद विकास समितिहरु गठन गर्न सकिनेछ ।

(५) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप अनुसूचि १ र वडास्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप अनुसूचि २ बमोजिम हुनेछ ।

**५ खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार :** खेलकूद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउपालिका स्तरीय वार्षिक खेलकूद क्यालेण्डर र बजेट स्वीकृत गर्ने ,

(ख) स्थानीय स्तरका खेलकूदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, सन्चालन तथा विकास गर्ने,

(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउपालिका स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सन्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण,प्रतियोगिता सन्चालन गर्ने/गराउने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने/ गराउने,

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका,नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकूद प्रशासन, शैक्षिक संस्था, क्लब, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

प्रमुख प्रशासकीय अधिकृत

(छ) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(झ) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार तालिम हासिल गर्नकोलागि पठाउने,

(ठ) गाउपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रवद्र्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने/ गराउने,

(त) प्रशिक्षकहरुको व्यवस्था गरी विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु सञ्चालन गर्ने/गराउने ।

(थ) खेलकूद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(द) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(ध) कानुनत दर्ता भएको खेलकुदसंग सम्वन्धीत गाउँपालिका क्षेत्रभित्रका क्लव वा संस्थाहरुको अभिलेख राख्ने ।

**६ निर्देशक समिति :** (१) आमचोक गाउँपालिकाको खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन तपशिल वमोजिमको एक निर्देशक समिति रहनेछ ।

(क) प्रमुख : गाउपालिका अध्यक्ष

(ख) सदस्य : गाउँपालिकाको उपाध्यक्ष

(ग) सदस्य : सामाजिक विकास समितिको संयोजक

(घ) सदस्य :प्रमुख प्रशासकीय अधिकृत

(ङ) सदस्य सचिव : पुमुखद्वारा तोकिएको अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

जामचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर
प्रदेश नेपाल

(२) निर्देशक समितिले खेलकुद विकास सिमिति वा अन्य खेलकुद सम्वन्धी संस्था/समितिहरुलाई खेलकुदको विकासको सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु खेलकुद सम्वन्धी समिति/संस्थाको कर्तव्य हुने छ ।

**७ वडास्तरीय खेलकूद विकास समिति :** (१) वड्रास्तरमा खेलकूदको विकास गर्नको लागि प्रत्येक वडामा देहाय बमोजिमको ७ सदस्यीय "वडास्तरीय खेलकूद विकास समिति" को गठन हुनेछः–

(क) वडा अध्यक्षले तोकेको व्यक्ति –संयोजक

(ख) वडाभित्रका विभिन्न विधाका खेलकूदका विज्ञहरु, खेलाडी वा पूर्व खेलाडी मध्येबाट वडा समितिवाट मनोनित एकजना महिला सहित २ जना –सदस्य

(ग) वडा स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना –सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालयका खेलकुद शिक्षक मध्ये संयोजकले मनोनित १ जना –सदस्य

(ङ) वडा सचिव– सदस्य सचिव

**८ वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार :** वडास्तरीय खेलकूद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडास्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने,गराउने ।

(ख) वडा स्तरका खेलकूदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकासको लागि वडा समितिलाई सल्लाह सुझाव दिने,

(ग) खेलकूदको स्तर वृद्धि गर्न गाउपालिका स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने,

(घ) खेलकुद विकास समितिलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ङ) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउपालिका स्तरीय खेलकुद विकास समिति समक्ष सिफारिश गर्ने,

(च) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने / गराउने ।

(छ) कानुनत दर्ता भएको खेलकुद संग सम्वन्धीत वडा भित्रका क्लव वा संस्थाहरुको अभिलेख राख्ने ।

२०७८/५/२८
प्रमुख प्रशासकीय अधिकृत

**९ संयोजकको काम, कर्तव्य र अधिकार :**

(क) खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

(ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(ग) अन्तर स्थानीय तह,जिल्ला,प्रदेश र राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

(घ) खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँकार्यपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

**१० सदस्य सचिवको काम कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सुची र सामग्री जुटाउने ।

(ख) बैठक माईन्युटिङ उठाउने र बैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

(ग) आर्थिक हिसाव किताव चुस्त दुरुष्ट राख्ने ।

(घ) लेखा परिक्षाण गराउने ।

**११ सदस्यहरुको काम कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने ।

(ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम,क्लव संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

(घ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

**१२ समितिका सदस्यहरुको पदावधि :** (१) समितिका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुन यहि कार्यविधि वमोजिमको समितिहरु गठन हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हनु आएमा बाँकी पदावधिको लागि दफा ४ र ५ बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**१३ सदस्यको अयोग्यता :** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः–

(क) आमचोक गाउँपालिका क्षेत्र वाहिरका नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मगज विग्रेको ।

(च) १८ (अठाह्र) वर्ष उमेर पूरा नभएको ।

**१४ सदस्यता समाप्त हुने अवस्था :** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः–

(क) दफा १३ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

**१५ समितिको बैठक:** (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य–सचिवले मिति, समय र स्थान तोकी समितिको बठैक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बठैक कोलागि गणपुरक संख्या पुगेको मानिनेछ ।

२०७८।५।२८

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... प्रदेश नेपाल

(४) समितिको बैठक प्रत्येक ३/३ महिनामा अनिवार्य बस्नु पर्नेछ । वर्षको कम्तीमा ४ पटक बस्नेछ र समितिको आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा वहुमतको राय लागु हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ ।

(८) वैठक सम्वन्धी अन्य व्यवस्था समितिको आफै तयारी गरे वमोजिम हुनेछ ।

## परिच्छेद-४
## खेलकुद विकास कोषको व्यवस्था

**१६ खेलकुद विकास कोषको व्यवस्था :** (१)खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि आमचोक गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(२) कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले खेलकुद शिर्षकमा विनियोजित रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने रकम,

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएका रकम ,

(घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना रकम ,

(३) यस कोषको संचालन खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ ।

(४) पालिकास्तरीय खेलकुद विकास समितिको संयोजकले बढीमा रु. १०,०००।- सम्म कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरीएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछर्यौट पर्नुपर्नेछ ।

(५) वडा स्तरीय खेलकुद कार्यक्रमको लागि विनियोजित रकम वडास्तरीय खेलकुद विकास समितिको निर्णय र पालिकास्तरीय खेलकुद विकास समितिको सिफारिस वमोजिम वडा स्तरको खेलकुद विकास समितिको वैंक खातामा रकम जम्मा हुनेछ ।

**१७ समितिको खाता संचालन :** (१) गाउँपालिका स्तरी खेलकुद विकास समितिको खाता संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतवाट नेपाल सरकारवाट मान्यता प्राप्त वैंकमा संचालन हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., भोजपुर ... प्रदेश नेपाल

(२) गाउँपालिकावाट विनियोजित वजेटवाट स्वीकृत वार्षिक कार्यक्रम वमोजिम खेलकुद कार्यक्रम वा अन्य खेलकुद संग सम्वन्धीत खर्चको भुक्तानी पेश्की वा विलभर्पाइको आधारमा खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ ।

(३) वडा स्तरको प्रस्ताव वमोजिम सञ्चालन भएको खेलकुद कार्यक्रम वा खेलकुद संग सम्वन्धीत खर्चहरु विलभर्पाई वमोजिम खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ । खेलकुद विकास समितिले वडास्तरीय खेलकुद विकास समितिको खातामा वा सोझै नगद भुक्तानी गर्न सक्नेछ ।

(४) वडा स्तरी खेलकुद विकास समितिको खाता वडा संतरीय खेलकुद विकास समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतवाट नेपाल सरकारवाट मान्यता प्राप्त वैंकमा संचालन हुने छ । पालिकास्तरीय खेलकुद विकास, अन्य कार्यालय, संघसंस्था वा व्यक्तिहरुवाट वडा खेलकुद विकास समितिलाई प्राप्त सहयोग रकम सो खातामा जम्मा गरी खर्च गर्नु पर्नेछ ।

**१८ खेलकूद सम्बन्धी समितिले हिसाबको श्रेस्ता राख्नु पर्ने :** (१) खेलकूद सम्बन्धी आफ्नो आम्दानी खर्चको हिसावको श्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

**१९. सदस्यहरुको भत्ता :** (१) सदस्यहरुले समितिको वैठकमा भाग लिए बापत कार्यपालिकाद्वारा तोकिए बमोजिम कार्यपालिका सदस्यहरुले पाउने वैठक भत्ता भन्दा वढी नहुने गरी बठैक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन् ।

**२०. कार्यक्रम तथा बजेट :** खेलकूद विकास प्रवद्धर्नको लागि खेलकुद विकास समितिले वार्षिक कार्यक्रम तय गर्दा १० वटै वडाहरुको वार्षिक कार्यक्रम तय गरी एकमुष्ठ गाउँपालिका स्तरीय वार्षिक वजेट तथा कार्यक्रम तय गर्नु पर्नेछ । खेलकुद विकास समितिको वार्षिक कार्यक्रम कार्यपालिकावाट स्वीकृत गराई सो रकमको खर्च गर्नु पर्नेछ ।

## परिच्छेद–५

## खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन

**२१ खेलाडीहरुलाई स्वागत कार्यक्रम :** (१) गाउँपालिकाले खेलकुद विकास समितिको सिफारिसमा राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२०७८।५।२५
प्रमुख प्रशासकीय अधिकृत

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२२ **सभा सम्मेलन कार्यक्रम संचालन :** (१) खेलकुद विकासको लागि सभा, सम्मेलन , गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

(२) आमचोक गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

२३ **खेलकुद प्रतियोगिता सञ्चालन : (२)** टोल र वस्तीहरुको उत्कृष्ट खेलाडीहरु छनौट गरी वडा स्तरको खेलाडीमा छनौट गरिनेछ । वडास्तरको उत्कृष्ट खेलाडीहरुवाट गाउँपालिका स्तरको खेलाडीहरुमा छनौट गरिनेछ ।

(२) खेलकुद विकास समितिले स्वयं वा दर्ता भएका टिम, क्लब वा संघ संस्था मार्फत अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता गर्ने सक्नेछ ।

(३) वडास्तरीय खेलकुद विकास सिमितिले गाउँपालिका भरिको वडाहरुलाई समेटी वडस्तरीय खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्वन्धी खर्चको सिमा कोषको अवस्था अनुसार खेलकुद विकास समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

२४ **खेलकुद प्रतियोगितामा सहभागीता : (१)** अन्तरस्थीय तह, जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा गाउँपालिका क्षेत्रका उत्कृष्ट खेलाडी वा टीमको छनौट गरी सहभागी गराउन सकिनेछ ।

(२) सहभागीहरुको खर्चको मापदण्ड खेलकुद विकास समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै विषय उल्लेख भए पनि वडावाट गाउँपालिका स्तरमा र गाउँपालिकावाट अन्तर स्थानीय तह, प्रदेश वा राष्ट्रिय स्तरमा सहभागी भइ नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको ५० प्रतिशत रकम खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

२०७८/५/२९

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... भोजपुर ... प्रदेश नेपाल

**२५ खेलकुद तालिम तथा प्रशिक्षण सञ्चालन :** (१)खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर बृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिनेछ ।

(२) खेलकुद विकास समितिको सिफारिस अनुसार प्रशिक्षार्थीहरु गाउँपालिका वाहिर प्रशिक्षणमा समावेश हुन पाउनेछन ।

(३) गाउँपालिका क्षेत्रभित्र कुनै खेल प्रशिक्षण गर्नु परेमा खेल प्रशिक्षकको लागी सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकुद विकास समितिले छनौट गर्नेछ । प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खेलकुद विकास समितिवाट उपलव्ध हुनेछ । प्रशिक्षणको समय अवधी,स्थान र प्रशिक्षार्थीहरुको शुल्क वा अन्य आम्दानी र खर्च सम्वन्धीको कार्यविधि खेलकुद विकास समितिले स्वीकृत भए वमोजिम हुनेछ ।

**२६ समितिले स्वीकृति लिनु पर्ने :** (१) खेलकूद सम्बन्धी प्रतियोगितामा गाउपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिकादेखि स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद–६

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

**२७ अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी खेलकुद विकास समितिले निलम्वन गर्न सक्नेछ ।

**२८ नगद पुरस्कार तथा सम्मान:** उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

२०७८/५/२८

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-७

## आचार संहिता

**२९ आचार संहिता :** (१) खेल सम्बन्धी देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले तोकिए भन्दा वाहेक टिम बनाउन पाइने छैन ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित समितिवाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**३० सौजन्यता :** दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद-८

## विविध

प्रमुख प्रशासकीय अधिकृत

**३१ खेलकुद विकास समितिको कार्यालय व्यवस्थापन:** गाउँपालिका स्तरीय खेलकुद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठा भाडामा लिन सकिनेछ ।

**३२ कर्मचारी व्यवस्थापन:** गाउँपालिका स्तरीय खेलकुद विकास समितिको कामलाई व्यवस्थीत वनाउनको लागि खेलकुद विकास समितिले सहायक स्तरको १ कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

**३३ कार्यविधिको व्याख्या :** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**३४ कार्यविधि संसोधन :** यो कार्यविधिको प्रावधानहरुमा कार्यापालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**३५ बाधा अड्चन फुकाउ :** आमचोक गाउँपालिकाको खेलकुद संचालन तथा खेलकुद सम्वन्धी अन्य आवश्यक विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**अनुसूचि -१**

परिच्छेद–३

को दफा ४ को उपदफा ५ संग सम्वन्धित

गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप

१ गाउँपालिका स्तरीय खेलकुद विकास समितिको छाप गोलाकार आकारको हुनेछ ।

२ माथिलो भागमा खेलकुद विकास समिति आमचोक लेखिएको हुनेछ । सोको अगाडी र पछाडी पञ्चकोणको तारा हुनेछ ।

३ विच भागमा दुइवटा त्रिकोण जोडिएको षष्ठकोणमा भलिवल खेलाडी,क्रिकेट खेलाडी,टेवल टेनिसको व्याट,फुटवल , धावकको चित्र र व्याडमिन्टनको व्याट अङ्कित चित्रको विचमा शिल्ड राखिएको र तल्लो भागमा स्थापना २०७८ लेखिएको हुनेछ ।

**अनुसूचि -२**

परिच्छेद–३

को दफा ४ को उपदफा ५ संग सम्वन्धित

वडा स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप

१ वडा स्तरीय खेलकुद विकास समितिको छाप गोलाकार आकारको हुनेछ ।

२ माथिलो भागमा खेलकुद विकास समिति आमचोक र खालि स्थानमा

- वडा नं १ को खेलकुद समितिको छापमा वडा नं १, वासिङ्थर्पू
- वडा नं २ को खेलकुद समितिको छापमा वडा नं २, यूँ
- वडा नं ३ को खेलकुद समितिको छापमा वडा नं ३, थिदिङ्खा

प्रमुख प्रशासकीय अधिकृत

- वडा नं ४ को खेलकुद समितिको छापमा वडा नं ४, बालंखा
- वडा नं ५ को खेलकुद समितिको छापमा वडा नं ५, पावला
- वडा नं ६ को खेलकुद समितिको छापमा वडा नं ६, वगाड
- वडा नं ७ को खेलकुद समितिको छापमा वडा नं ७, वसाँइगाउ
- वडा नं ८ को खेलकुद समितिको छापमा वडा नं ८, दिंलापु
- वडा नं ९ को खेलकुद समितिको छापमा वडा नं ९, दुम्माना

वडा नं १० को खेलकुद समितिको छापमा वडा नं १०, पाँचा लेखिएको हुनेछ । सोको अगाडी र पछाडी पञ्चकोणको तारा हुनेछ ।

३ विच भागमा दुइवटा त्रिकोण जोडिएको षष्ठकोणमा भलिवल खेलाडी, क्रकेट खेलाडी, टेवल टेनिसको व्याट, फुटवल, धावकको चित्र , र व्याडमिन्टनको व्याट अङ्कित चित्रका विचमा शिल्ड राखिएको र तल्लो भागमा स्थापना २०७८ लेखिएको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत